# सूचना ! सूचना ! ! सूचना ! ! !

**सूचना प्रकाशित मिति : २०७७।०७।१९**

## विषय : लेख रचना उपलब्ध गराइदिनुहुन ।

यस कार्यालयबाट अर्धवार्षिक रुपमा लेखापरीक्षण पत्रिका प्रकाशन हुँदै आएको छ । यो वर्ष लेखापरीक्षण पत्रिकाको ९१औं अंककालागि वित्तिय, परिपालना र कार्यमूलक लेखापरीक्षण, लेखा, वित्तिय क्षेत्र, आर्थिक सुशासन, राजश्व चुहावट र भ्रष्टाचार नियन्त्रण, वित्तिय जवाफदेहिता, लेखापरीक्षणमा सूचना प्रविधि, दिगो विकास, वातावरणीय क्षेत्र, प्राकृतिक प्रकोप र कोभिड-१९ जस्ता महामारीको रोकथाम र नकारात्मक असरको न्युनीकरण सम्बन्धी समसामयिक विषयका लेख रचना यही २०७७ साल मंसिर महिनाको २० गते भित्र उपलब्ध गराउनु हुन हार्दिक अनुरोध गर्दछौं । यहाँको जानकारीकालागि सो सम्बन्धी सूचना यसैसाथ संलग्न गरिएको छ।

**नीति, योजना तथा जनशक्ति विकास निर्देशनालय**

**महालेखापरीक्षकको कार्यालय,**

**बबरमहल, काठमाण्डौ ।**

# नीति, योजना तथा जनशक्ति विकास निर्देशनालय

## महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं, नेपाल

यस कार्यालयबाट अर्धवार्षिक रुपमा प्रकाशित हुने “लेखापरीक्षण पत्रिका” को आगामी ९१ औं अंककालागि वित्तिय, परिपालना र कार्यमूलक लेखापरीक्षण, लेखा, वित्तिय क्षेत्र, आर्थिक सुशासन, राजश्व चुहावट र भ्रष्टाचार नियन्त्रण, वित्तिय जवाफदेहिता, लेखापरीक्षणमा सूचना प्रविधि, दिगो विकास, वातावरणीय विषय, प्राकृतिक प्रकोप र कोभिड-१९ जस्ता महामारीको रोकथाम र नकारात्मक असरको न्युनीकरण सम्बन्धी समसामयिक विषयमा लेख रचना उपलव्ध गराउनकालागि प्रबुद्ध लेखकवर्गमा हार्दिक अनुरोध गर्दछौं।

### <u>लेखकवर्गलाई अनुरोध</u>

१. लेखापरीक्षण पत्रिका वर्षमा दुईपटक प्रकाशित गरिन्छ।

२. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ।

३. पत्रिकाको लागि लेख रचना पठाउदा युनिकोड/टाइम्स न्यू रोमन (**Unicode/Times new Roman**) फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत उपलब्ध गराउनुपर्नेछ। लेख वा रचना अधिकतम ८ पृष्ठसम्मलाई ग्राह्य मानिनेछ।

४. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरु नपठाउनु हुन अनुरोध छ। त्यस्ता रचना स्वीकृत हुने छैनन्।

५. यस पत्रिकामा प्रकाशित हुने लेखहरु लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन।

६. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ।

७. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ।

८. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार सेवा शुल्क उपलव्ध गराइनेछ।